आज मिति २०८२ साल माघ १९ गते सोमबारका दिन विहान ८:१० बजे कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८२/८३ को सातौं बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थितिः</u>

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका – २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका – ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका – ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका – ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री धर्मराज न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत

<u>आमन्त्रित</u>

लेखा अधिकृत श्री वाचस्पती सुनुवार

लेखा अधिकृत श्री गोपी पराजुली

शाखा अधिकृत श्री लिलानाथ नेपाल

सहायक पाँचौ श्री प्रेम प्रसाद खनाल

कं. अं. श्री विष्णु देवकोटा

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

__प्रस्ताव तथा छलफलका विषयहरू:__

१. अन्तराष्ट्रिय सम्बन्ध प्रवर्द्धनका लागि सेवा परामर्शमा कार्य गराउने सम्बन्धमा ।

२. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका लागि आयोजना थप सम्बन्धमा ।

३. विविध ।

__निर्णयहरू:__

__निर्णय नं. १__

कालिका गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि विभिन्न अन्तराष्ट्रिय संघ संस्थाको सहयोगमा क्षमता विकास लगायतका विभिन्न कार्य गर्ने/गराउने प्रमुख उद्देश्यका साथ कालिका गाउँपालिका धैवुङ रसुवाको अन्तराष्ट्रिय सम्बन्ध प्रवर्द्धन गराउन विभिन्न अन्तराष्ट्रिय संघ संस्थाहरु सँग समन्वय र सम्पर्क गरी सम्बन्ध प्रवर्द्धनका लागि सुझाव सहित गाउँपालिकालाई प्रतिवेदन पेश गर्ने कार्यका लागि गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्विकृत सेवा र परामर्श बजेट शिर्षकबाट खर्च व्यहोर्ने गरी कन्सल्टिंग सर्विसेसको कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

__निर्णय नं. २__

कालिका गाउँपालिकाका अन्तरगत चालु आ.व. २०८२/०८३ मा संचालित राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत वडा नं. ४ मा छनोट भएका लाभग्राहीहरु र छनोट भएका कार्यक्रमहरुको प्राविधिक ल.ई. अनुसार हिसाव गर्दा १०० दिनका लागि रोजगार सुनिश्चित नहुने देखिएको र अन्य वडामा लगेर काम लगाउन भौगोलिक हिसावले सम्भव नभएको हुनाले उक्त कार्यक्रमका लागि दाइगरे चौतारा देखी देवकोटा टोल सडक नाली कटान कालिका-४, रसुवा थप गर्ने निर्णय गरियो ।

समाप्ति
२०८२/१०/१३
बिहान ९:२०

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैवुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३